हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

● वर्ष ४ ● अङ्क ३२ ● २०७२ फागुन ३० गते आइतबार ● ( March. 13, 2016 मूल्य रु.१०।-

Shreenagar
श्रीनगर -कृषकको सहयात्री
“कृषकको उन्नती, समृद्धि तथा सुखद जीवनप्रति समर्पित”
एउटै ठाउँ सम्पूर्ण सेवा पाऔं
कृषकको समस्याको सहि पहिचान अनी समाधान.......
श्रीनगर एग्रो फार्म
www.safnepal.com

# गाई फार्ममा पुष्पकमल दाहाल !




० पृष्ठ ३ मा

## ० कृषि मन्त्रीले भने कृषि कहिल्यै प्राथमिकतामा परेन

० पृष्ठ ३ मा

## ० मन्त्री,सचिव दातृ निकायको ड्रेसमा

० पृष्ठ ७ मा




## विपीका पालामा कृषिको बजेट २७ प्रतिशत

## पशुपंक्षी मन्त्रालय जोडिनु हुन्न

० पृष्ठ ३ मा

# अनुदानलाई पारदर्शि गर

कृषि क्षेत्रको विकास गर्नका लागि कृषि विकास मन्त्रालय वा मातहतका कार्यालयदेखि विभिन्न दातृनिकायहरुले उपलब्ध गराएको कृषि अनुदानलाई पारदर्शि गर्नु आवश्यक छ । नेपालका बढ्दै गईरहेको अनुदानको एकद्धार नीति नहुंदा कृषि विकास मन्त्रालय र मातहतका कार्यालयहरु मात्र होइन अन्य मन्त्रालयहरुले समेत कृषिका नाममा रकम वितरण गरिरहेको पाईन्छर जसका कारण कृषि क्षेत्रमा कति लगानी भएको छ भन्ने कुरा यकिन तथ्यांक नभेटिने गरेको छ ।

पछिल्लो समयमा परम्परागत कृषिलाई व्यवसायिक बनाउनका लागि कृषि विकास मन्त्रालयले नै केही विदेशी दातृ निकायहरुको सहयोगमा किसानहरुलाई प्रस्तावका आधारमा अनुदान उपलब्ध गराउँदै देखिन्छ । व्यावसायिक कृषि तथा व्यापार आयोजना, हिमाली आयोजना, किसानका लागि उन्नत बीउ विजन कार्यक्रम, कृषि तथा खाद्य सुरक्षा आयोजना, उच्च मूल्य कृषि बस्तु विकास आयोजना, साना तथा मझौला किसान जीवनस्तर सुधार आयोजना लगायतका धेरै आयोजनाहरुले किसानहरुलाई व्यावायिकरण गर्नका लागि लाखौं अनुदान विगतदेखि नै उपलब्ध गराउँदै आईरहेका छन् ।

कृषि क्षेत्रको विकासका लागि उपलब्ध गराइएको त्यस्ता आयोजना प्राप्त गरेका धेरै कृषि व्यवसायीहरुले व्यवसाय मार्फत लाभ पनि लिंदै आएका छन् । भने कतिपयले कागजी आंकडाका भरमा पनि अनुदान हात पार्ने गरेका कुरा बेला बखतमा चर्चामा आउने गरेको छ । त्यत्तिमात्र नभई धेरै जसो विदेशी दातृनिकायहरुले त कृषि विकास मन्त्रालय वा सरोकारवाला निकायसंग सहकार्य नै नगरी किसानहरुलाई यो वा त्यो नाममा ठूलो रकम अनुदान उपलब्ध गराएको पनि पाईन्छ । अहिले नेपालको कृषि क्षेत्रमा लगानी गर्ने दातृनिकायहरुको विभिन्न स्वार्थप्रेरित छन् र त्यही सिमित स्वार्थ पूरा गर्नका लागि पनि कृषिमा गरिएको लगानी पारदर्शि गर्न चाहिरहेका छैनन् ।

जवसम्म कृषिमा गरिएको लगानीमा पारदर्शिता हुँदैन तवसम्म नेपाली कृषि क्षेत्रमा गरिएको लगानी बालुवामा पानी बराबर नहोला भन्न सकिंदैन । त्यसका कारण सम्वन्धित सरोकारवाला मन्त्रालयले आफ्नो मातहतमा रहेको अनुदानमुखि कार्यक्रमको बजेट पारदर्शि गर्दै जुन सुकै देशका दातृनिकायहरुले कृषिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरिएका लगानी कहां कहां र कुन शीर्षक कति रकम खर्च गरिए भन्ने तथ्यांक कृषि विकास मन्त्रालयले माग्नु जरुरी छ । त्यत्तिमात्र नभई कुनै पनि कृषिका कार्यक्रमहरु किसानहरु माझ लैजादा कृषि विकास मन्त्रालयको स्वीकृती विना कार्यक्रम वा आयोजना सञ्चालन गर्न नपाउने नीति ल्याई त्यसलाई कार्यान्वयन गर्नु अति जरुरी छ । कृषिमा गरिएको लगानीमा पारदर्शि गर्न सकिएमात्र नेपालको कृषि क्षेत्रको भविष्य उज्वल हुनेछ । ■

## आफ्नै सूचना

नेपालको पहिलो कृषि साप्ताहिकका रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क

**कृषि साप्ताहिक, बागबजार**

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

# जनताको जग्गा फेरि कब्जाको नीति



योगेन्द्र प्रताप शाही

कृषि क्षेत्रको विकासका लागि सवैभन्दा महत्वपूर्ण भनेको किसानहरुलाई उन्नत बीउ विजन, गुणस्तरीय मल, तथा सिंचाईको सुविधा नपुऱ्याएसम्म कृषि उत्पादन र उत्पादकत्व बृद्धि सम्भव छैन । त्यसकारण कृषि विकास मन्त्रालयमा जति नै मन्त्री फेरिएपनि कृषि उत्पादकत्व बृद्धि गर्ने योजना कागजमा बनाउने र कार्यान्वयन नगर्ने परिपार्टीकै कारण हामी दिनप्रतिदिन खाद्य संकटतिर उन्मूख भएका छौं । अहिले चर्चा गर्न खोजिएको किसानहरुलाई पेन्सन ख्वाउने फोस्रो आश्वासन दिएर हिडिरहेका कृषि मन्त्री एव एनेकपा माओवादी नेता हरिबोल गजुरेलको हो । सत्ताभन्दा बाहिर हुंदा संधै लुटेरै पार्टी चलाउने संस्कारमा हुर्केका एमाओवादीका नेताहरुमा अझै पनि त्यो ह्यागले छोड्न सकेको छैन । कृषि मन्त्री सत्तामा पुगेर पनि अझ बांझो खेत लुटकै कुरा गरिरहेका छन् तर त्यसलाई आश्चार्य भने मान्नु पर्दैन । किनकी जनयुद्धकालमा जनतालाई लुटेकैथिए । जनताको सम्पति हड्पेकै थिए त्यसैले पनि हुनसक्छ अहिले गरीब नेपाली किसानहरुको बांजो जमिन हड्पने कुरा गर्दै हिंडिरहेका छन् । किसानको जमिन हड्प्ने विषयमा विगुल बजाउनु भन्दा नेपाली किसानहरुको जमीन किन र कसरी बांजो रहेको छ अथवा जमीन बांजो राख्नु पर्ने उनीहरुको वाध्यता त होइन भन्ने विषयतिर हरिबोल गजुरेलले ध्यान पुऱ्याउन सकेका छैनन् । त्यसैले त उनी बांझो खेत कब्जा गर्ने नीतिमा अग्रसर छन् । कृषि योग्य भूमि छन् । ती भूमिहरु खेती गरिएका छैनन् भने खेती गर्ने वातावरण सृजना गर्ने काम राज्यको दायित्व भित्र पर्दछ । यसका लागि कृषि मन्त्रालयले चासो दिनु पर्ने होकि होईन ? यस विषयमा चर्चापरिचर्चा हुनुपर्नेहो कि होईन ? यो विषयतिर ध्यान दिएको कुनै पनि कोणबाट आजसम्म देखिएको छैन । किसानहरुका लागि भनेर पांचतारे होटलमा चिकन पार्टी गर्दै गफ हांकेका घटना भने प्रशस्तै होलान । नेपालको कृषि प्रवर्द्धनको निहुमा कति मुद्राको दुरुपयोग भयो र अझ पनि निरन्तर दुरुपयोग हुँदैछ त्यसको साच्चिकै लेखाजोखा नै गर्ने हो भने कतिको उठीबास लाग्न सक्छ भनेर साध्य नहोला ।

कमरेड मन्त्रीसंग प्रश्न ? किसान अथवा अन्नदाताहरुको आवश्यकताहरुलाई उनीहरुको आवश्यकता अनुसार सेवा सुविधा र सहजीकरण आदि ईत्यादि किसानसम्म पुग्न सकेको छ किछैन ? कृषिका लागि भनेर छुट्याईएको लगभग छब्बीस अर्बको बजेटको सहि उपयोग भएको छ कि छैन ? त्यसमा कृषकहरुको पहुंच छ कि छैन ? यावत विषयमा ध्यान दिनु त कता हो कता उल्टै किसानको जमीन हडप्ने कुरा गर्नु कतिको जायज कुरा होला ? अझ भन्ने हो भने गत बैशाखमा आएको भूकंम्प भन्दा पहिला नेपालका किसानहरुको घरघरमा कृषि उत्पादनका लागि बीउको जोहो हुन्थ्यो । बीउको अभावमा नहोस् भन्नका लागि घरैमा मूल बीउ राख्ने गरेका थिए । भूकम्पपछिका दिनहरुमा खेतिका लागि किसानहरुले बीउ र मल पाएनन या विषयमा सिंहदरबारमा बस्नेहरुले किन बोलेनन् ? भूकम्पपिडित किसानहरुलाई अनुदानको नाममा गुणस्तरहीन बीउ वितरण गरियो त्यो पनि राज्य पक्षबाट जसको परिणाम बाली उत्पादन हुन सकेन । गुणस्तरहीनबीउ र मलका कारण किसानहरुको जमीन नै कृषिका लागि अयोग्य हुन पुगेको छ त्यसको जबाफ किन दिन सकेन राज्यले ? खै त यस्ता विषयमा मन्त्रीको मुखारबिन्दु बाणी निस्केको ? सदादेखिनै राज्यबाट उपेक्षि हुंदै आउनु परेको गरिब नेपाली किसानहरुलाई झन तर्साएर धम्क्याएर कृषिमा कस्तो क्रान्ति ल्याउन खोजेको हो ? कतै कसैको कुनै पनि बनिबनाउ चीजवस्तु कुनैपनि कारण देखाएर जर्बजस्ती हड्प्नु त धेरै सहज हुन्छ तर किसानहरुको हड्पदैमा फेरबदल भएर नेपालको कृषिले कोल्ट फेर्ला भनेर दिवा स्वप्न नदेख्दा बेस हुन्छ होला कि ?

तसर्थ किसानका जमीनमा आंखा लगाउनु भन्दा नेपालका कृषकहरुलाइ के गर्दा उनीहरुमा कृषिप्रति अहिलेको भन्दा झन उत्साह बढ्न सक्छ । गर्वका साथ म नेपाली किसान हुं भन्नसक्ने वातावरण राज्यका तर्फबाट सृजना गर्नेतिर पहल हुनु पर्छ भन्नेतिर कमरेड मन्त्रीका तर्फबाट पहलहुनु बेस होला कि । किसानका लागि भनेर बनाईने नीतिनियम अर्थात कार्ययोजना कागजमा मात्रै सिमित नबनाएर त्यसको कार्यान्वयन पक्ष सक्षम र सबल बनाउनेतिर बढी पहल हुनु आवश्यक छ । त्यसैले कुनै बनाएको संरचना भत्काउन धेरै सजिलो हुन्छ तर संरचना बनाउदा समय र कष्ट कति हुन्छ त्यो भनिरहनु पर्दैन होला । त्यसकारण जग्गा बाझो राखिएका कारण जग्गा नै कब्जा गर्ने नीति विगतको जनयुद्धमा गरिएको जग्गा कब्जा भन्दा फरक देखिंदैन ।

## सम्पादकलाई चिठ्ठी

### पशु चिकित्कका कर्तुत



कृषि साप्ताहिकले सरकारी तलव खाएर बसेका पशु चिकित्सकहरुले किसानहरु माथि गर्ने गरेका ठगि, अनैतिक कार्य तथा राज्यले दिएको अख्तियारीको दुरुपयोग गरी किसानका विपक्षमा गरेका कर्तुतहरु सार्वजनिक गरेकोमा साप्ताहिक प्रति धन्यवाद दिंदै उनका थप कर्तुत प्रस्तुत गर्न चाहन्छौं । भक्तपुरमा हामीले सञ्चालन गरेको फार्मले २०७१ आषाढमा आफ्ना गाईको रगत परिक्षण गर्ने क्रम्मा केन्द्रिय पशु चिकित्सालयबाट सुरुमा बलबउबिकयकक्ष रिपोट दिएपछि त्यहाँका चिकित्सकको सल्लाह बमोजिम औषधी सुरु गर्दा उक्त औषधिले गाईहरुमा झन समस्या भएपछि चिकित्सक्कै सल्लाह बमोजिम पुन रगत परिक्षण गर्दा दबदभकष्ब भन्ने रोगको रिपोट दिएपछि babesia को औषधि सुरु गरियो तर उक्त औषधिले पनि गाईहरु ठीक नभएपछि डा बलराम थापाले आफ्नो निजी प्रयोगशालाको mobile veterinary consultancy service, Jawalakhel बाट सहि परिक्षण हुने भनेपछि उक्त निजी प्रयोगशालामा रु. ३५०० खर्च गरि ७ वटै गाई को रगत परिक्षण गर्दा Suspected Theileria भनी रिपोर्ट दिए । पछि डा. बलराम थापाले त्रिपुरेस्वरमा रहेको सरकारी पशु अस्पतालमा हामीलाई बोलाएर तपाईको गाईलाई Theileria भाछ मसंग त्यस रोगको औषधी १७ भाईल छ र अन्यत्र तपाईले कतै पाउनुहुन्न यदि तपाईले मलाई नगद रु ३१५६४। तिर्न सक्नुहुन्छ भने म तपाईको गाई ठिक पार्छु भने । गाई बचाउनका लागि हामी मञ्जुर भएपछी उनले हाम्रो फार्म अवलोकन गरी Butalex नामको उक्त औषधी मेरा ७ वटा गाईमा प्रयोग गरे । २ हप्ता पछि गाईहरु झन नाजुक हुन थालेपछी डा. बलराम थापालाई फोन गर्दा तेरो गाईको ठेक्का मैले लिएको छैन जे गर्छस गर भनी अपशब्द बोलेपछि हामी समाधान खोज्न तिर लाग्यौ । त्यस क्रममा बालकृष्ण नाम गरेका (नाम गोप्य राख्ने सर्तमा) एक कर्मचारी मार्फत त्यस द्यगतबभिह नामको औषधी पशु चिकित्सालको स्टोरमा रहेको म्याद सकिएका औषधि भएको पुष्टि भयो । त्यसपछी फेरि डा. बलराम थापासंग कुरा गर्दा जानुस उताको भवनमा डा. झा. हुनुहुन्छ उ संग भन्नुस सचिबलाई भन्नुस, मन्त्री, प्रधानमन्त्रीलाई भन्नुस हदै भए यै ...जागिर खालान अरु के गर्न सक्छन जस्ता अबान्छित शब्द प्रयोग गरे । यसबाट के आभास हुन आउछ भने छोटो समयमा नै उनले पशु चिकित्सालयलाई देखाएर निजी क्लिनिकलाई प्रयोग गरी मनग्य धन सम्पती यसै गरि अख्तियार दुरुपयोग गरि म जस्ता धैरै सेवाग्राही किसानलाई ठगी गरेका छन् । उनलाई जागिरै जादा पनि सुरक्षित महसुस छ । डा. बलराम थापाले म बाट सरकारी अस्पतालको औषधि आफ्नो पसल बाट बिक्रि गरि रु. ३७४६४। पटक पटक लिए तर मेरा गाईहरु ठिक भएनन् । ७ वटा गाईलाई मात्र रु.११०,००० खर्च भए । डा. थापाले यतिसम्म अत्याचार गरेका छन् कि रु. १०० पर्ने झिंगा मार्ने औषधी रु. ३००। र रु १०। पर्ने रुचामैक्स रु २०।मा खुलायाम आफ्नो पसलबाट सेवाग्राहिलाई बिक्रि बितरण गर्दै आएका छन् । जबकी यि सबै क्रियाकलाप डाक्टरको ethics भित्र पर्दैनन । उनको निजि प्रयोगसाला mobile veterinary consultancy service, Jawalakhel बाट दिईएको रगत पक्षिणको रिपोर्ट पनि डा. डि. के. सिंङ्ग बाट भएको final report बाट गलत साबित भएको छ । हाल आएर मेरा गाईहरु डा. डि. के. सिंङ्ग बाट परिक्षण भएपश्चात सामान्य अबस्थामा आएका छन् । निष्कर्षमा मेरा गाईहरुलाई केहि नभैकन पनि निरन्तर antibiotic चलाउदा समस्यामा परेका रहेछन् । विदेशमा श्रम र पसिना बगाउनु भन्दा स्वदेशमा नै केही गरौ भनि केही गर्न खोज्दा समेत सरकारी अधिकारीहरुबाट गरिने हतोत्साही गतिविधिले कृषि क्षेत्रका हामी लगानीकर्ता मर्माहित बनेका छौ । सरकारी अधिकारीहरुले कतिसम्म गैरजिम्मेवारपुर्ण काम गर्छन भन्ने उदाहरण र प्रमाण यसै निवेदन साथ प्रस्तुत गरेका छौ । पछि चिकित्सालयका डा बलराम थापा विरुद्ध तात्कालिन कृषि विकास मन्त्रालयमा कार्वाहीको लागि अनुरोध गर्दा पनि कार्वाही नभएको अवस्थामा कृषि साप्ताहिकले यस्ता धेरै कर्तुतहरुलाई जनतामा माझ उजागर गर्नु आवश्यक छ । यस्ता पशु चिकित्सकहरुलाई मन्त्रालयले त कार्वाही गर्न सक्दैन तर चौथो अंगका रुपमा रहेको पत्रकारिता क्षेत्रले अझै नङ्गयाउनु आवश्यक छ ।

प्रदीप पन्त, भक्तपुर

# विपीका पालाका कृषिको बजेट २७ प्रतिशत !

काठमाडौं । नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री एवं वीपी पुत्र



डा शशांक कोइरालाले आफ्ना बाबु प्रधानमन्त्री भएका बेला मुलुकको कुल बजेटको २७ प्रतिशत बजेट कृषिका लागि छुट्याएको बताएका छन् ।
नेपाली कांग्रेस निकट नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघको पहिलो राष्ट्रिय महाधिवेशनमा प्रमुख अतिथिका रुपमा सम्वोधन गर्दै डा. कोइरालाले सो कुरा बताएका हुन् । मुलुकको अर्थतन्त्रमा ७० प्रतिशत कृषि उत्पादनले ओगटेको भएपनि त्यसलाई व्यवस्थित र व्यवसायिक बनाउन नसकेको समेत उनले बताए । नेपालको महत्वपूर्ण १७ लाख हेक्टर खेतीयोग्य भूमिले ओगटेको भएपनि सिंचाई सुविधा तथा कृषिमा काम गर्ने जनशक्ति अभावका कारण अहिले त्यस्ता उर्वर खेती योग्य भूमि बांझो रहिरहेको बताए ।
कृषि क्षेत्रको विकासले मात्र राष्ट्रियता बलियो बनाउने तर्क गर्दै उनले अस्थिरतालाई स्थिरता ल्याउन र गरिवी हटाउनका लागि कृषि क्षेत्र नै सवैभन्दा बलियो आधार रहेको समेत बताए । उनले नेपाली कांग्रेसको समाजवादी चिन्तन र विपीको सिद्धान्त कृषि क्षेत्र र किसानका लागि आवश्यक भएको उल्लेख गर्दै त्यसबेला कृषिमा २७ प्रतिशत बजेट छुट्याएकै कारण मुलुक कृषि प्रधानदेशमा रुपमा चिनिन सफल भएको बताए । अहिले कृषि क्षेत्रको विकासका चर्का कुरा गर्नेहरुले सरकारको नेतृत्व गर्दा ५/७ प्रतिशत भन्दा बढी बजेट ल्याउन नसक्नु दुर्भाग्य भएको समेत बताए ।
मुलुक संघीयता तर्फ उन्मूख भईरहेका बेला कृषि विकास र पशु विकालाई प्राथमिकताका साथ सञ्चालन ल्याउनु पर्ने र त्यसका लागि अहिलेदेखि नै योजनावद्ध ढंगले अगाडि बढ्नु पर्ने भएकोले सम्वधित सरोकारवाला निकायहरुले प्रतिवद्ध भएर हिड्नु पर्ने समेत खुलासा गरे । देशको विकास गर्नका लागि र मुलुकलाई आत्मनिर्भरता तर्फ लैजानका लागि यो पार्टी वा त्यो पार्टीभन्दा पनि राष्ट्रवादी सोचले अगाडि बढ्नु पर्नेमा समेत उनले जोड दिएका थिए । राजनीतिक अस्थिरताका कारण युवा पुस्ता पलाय भईरहेको प्रसंग कोट्याउंदै कोइरालाले स्वदेशमा नै रोजगारको अवस्था सृजना गरी कृषिमा लगानी गर्ने वातावरण र त्यसको सुरक्षाको जिम्मेवारी सरकारले लिनु पर्ने किसिमले अगाडि बढ्ने हो भने कृषिले नै मुलुकको आर्थिक समृद्धि ल्याउने बताए ।

# विभाजित पशुपंक्षी विकास मन्त्रालयलाई एकीकृत गर्न नहुने



काठमाडौं । केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारमा मन्त्रीमा बागबण्डा नपुगेपछि कृषि विकास मन्त्रालय विभाजन गरेको भएपनि अहिले नेपाली कांग्रेसको महाधिबेशन पश्चात सरकार परिवर्तन हुने हल्ला चल्ना साथ विभाजित पशुपंक्षी विकास मन्त्रालयलाई कृषि विकास मन्त्रालयमा नै मर्जर गर्ने लविङ्ग शुरु भईसकेको देखिन्छ । पशुपंक्षी विकास मन्त्रालयको मर्जर हल्लासंगै कृषि विभागका महानिर्देशक डा केशवप्रसाद प्रेमीले भने कुनै पनि हालतमा पशुपंक्षी विकास मन्त्रालयलाई फेरि मर्जर गरेर कृषिमा लैजान नहुने धारणा व्यक्त गरेका छन् । काठमाडौंमा आयोजित नेपाल पशु स्वास्थ्य सेवा प्राविधिक संघको राष्ट्रिय महाधिवेशनलाई सम्वोधन गर्दै महानिर्देशक प्रेमीले सो कुरा बताएका हुन् ।
हरेक बर्ष ३० अर्वको मासु तथा मासुजन्य उत्पादनको कारोबारमा भईरहेको पशुपंक्षी विकास मन्त्रालयले मन्त्रालय विभाजन पश्चात पनि धेरै नै उत्कृष्ट कार्य गरिरहेको समेत बताए । कृषि विकास मन्त्रालय र पशुपंक्षी विकास मन्त्रालयलाई फेरि एकीकृत गर्नु भन्दा पनि यी दुवै मन्त्रालयको केन्द्रदेखि गाउंस्तरसम्म आ आफ्नौ पहिचान र अस्तित्व विगतदेखि नै भईरहेकाले फेरि जोड्नुको कुनै अर्थ नरहेको बताए ।
उनले पशुपंक्षी विकास मन्त्रालयको आवश्यकता आज मात्र नभई विगत तीन दशक अगाडिदेखि महशुस भएको र त्यसबेला देखि नै बेग्लै पशु विकास मन्त्रालय निर्माणका प्रतिवद्ध भएर सरोकारवाला व्यक्तिहरु लागिरहेको समेत बताए । वर्तमान अवस्थामा पशु पंक्षी विकास मन्त्रालय मुलुकका लागि अत्यन्तै आवश्यक भएको र यो मन्त्रालय राख्दा राज्यलाई कुनै पनि आर्थिक तथा भौतिक भार नपर्ने भएकाले यसको पहिचानका लागि हरेक तह र तप्काबाट पशुपंक्षी क्षेत्रको विकास लागि लाग्नु पर्ने बताए ।

# गाई फार्ममा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल

भरतपुर । पछिल्लो समयमा राजनीतिक दलका नेतृत्व बर्गहरु कृषि विकासका कुरा गर्न थालेका मात्र होइन किसानका खेत तथा गोठमा नै पुग्न थालेका पनि छन् । राजनीतिक शीर्षस्थ नेताहरुको यो घुमाईले कृषि क्षेत्रमा आकर्षित भएकाहरुलाई केही मात्रामा भएपनि उत्साह थप्ने काम पनि गर्ने



गरेको देखिन्छ । कृषि प्रधान देशका राजनीतिज्ञहरुले कृषिको विकासका लागि न विगतमा आफूलाई प्रस्तुत गर्न सके न त वर्तमानमा नै कृषि क्षेत्रको विकास गर्नका लागि दत्तचित्त भएर लागेको पाईन्छ ।

मुलुकको आर्थिक मेरुदण्डको महत्वपूर्ण हिस्सा मानिएको कृषि क्षेत्रको विकास भाषणले भन्दा पनि कामले देखाउनु पर्नेमा कसैको दुईमत हुंदैन । पूर्व प्रधानमन्त्री एवं नेकपा एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल पनि चितवनको एउटा गाई गोठमा पुगे र मुस्कुराए । सायद नेपालको आर्थिक समृद्धि दाहालले त्यही गोठमा देखेर नै मुस्कुराए होलान् भन्ने अनुमान मात्र लगाउन सकिन्छ । यद्यपी त्यो मुस्कानमा मुलुकको आर्थिक समृद्धिको एउटा पाटो त होलानै ? अर्कोतिर गाई गोठ (फार्म) मा लहरै गाइहरु, कोही गाईलाई घाास हाल्दै, कोही बाच्छाबाच्छीलाई दूध ख्वाउादै, कसैले दूध निकाल्दैछन, कोही ओसार्दैछन् सो गोठभित्र छोरा प्रकाशको आयस्रोतको महत्वपूर्ण पाटो देखेर पनि उनी मुस्कुराएका हुन सक्छन् ।

पार्टीको कामको सिलसिलामा चितवन पुगेका एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल थोरै समयको फुर्सद निकालेर छोरा प्रकाश दाहाल र साला पर्ने हिमराज पौडेलको संयुक्त लगानीको 'मामा भान्जा लाइभ स्टक' गाई फार्मको अवलोकन गर्न पुगेका हुन् । ढेडबर्ष अगाडि पटिहानीको सुन्दरवस्तीमा स्थापना गरेको सो गाई फार्ममा यतिखेर ५७ वटा गाईहरु पालिएका छन् । गाई फार्ममा पुग्दा विहान उठेदेखि राती ११ बजेसम्म राजनीतिक भेटघाटमा व्यस्त रहने दाहाललाई कृत्रिम जीवन जस्तो पनि बन्यो होला । तर सत्य र यथार्थ के हो भने नेपालको आर्थिक रुपान्तरणमा जाने र मुलुकलाई आत्मनिर्भरतातिर लैजानका लागि यो नै उत्तम विकल्प हो । समाजवादी क्रान्तिको कार्यदिशामा अघि बढ्ने निष्कर्षमा पुगेका दाहालले छोराको गाई फार्मको अवलोकनसागसागै गरिव र सर्वहाराबर्ग किसानहरुलाई यस्तै बाटोतिर लम्कन हरेक भ्रमण, भेटघाट वा भाषण कै माध्यमबाट भएपनि जोड्न सक्ने हो मुलुकमा समाजवादी अर्थतन्त्रको आधार निर्माण हुन मद्दत पुग्थ्यो कि ?

# खडेरी बुझ्न कर्णाली क्षेत्र पुगेका कृषि मन्त्रीले भने कृषि कहिल्यै प्राथमिकतामा परेन

० डिवी बुढा

जुम्ला । कर्णालीमा लामो समयसम्मको खडेरीका कारण खाद्यन्न वाली उत्पादनमा कमी आएको भन्ने जनगुनासो वढ्न थालेपछि कृषि मन्त्री हरिवोल गजुरेल कर्णाली अवलोकनका क्रममा जुम्ला पुगेका छन् । उनले कर्णालीका कृषि क्षेत्रका सरोकारवाला र किसानसंगको भेटघाटलाई तीव्रता दिएका हुन । कर्णाली सुख्खा ग्रस्त क्षेत्रका रुपमा चिनिएको भन्दै सुख्खा ग्रस्त क्षेत्रमा उत्पादन हुने वालीनालीको विकल्प खोज्न आफु स्थलगत अनुगमनमा कर्णाली घुम्फीर गर्न लागेको उनले वताए ।



स्थलमार्ग हुदै कर्णालीको कालिकोट, जुम्ला हुदै मुगुमा सम्म पुगेर फर्केका छन् । कर्णालीमा खडेरीका कारण किसान मर्कामा परेको भन्दै मन्त्रालयमा विभिन्न डेलिगेशन र ध्यानाकर्षण गराउन थालेपछि आफु खडेरी पीडितका मर्का वुझ्न र यहाँको वास्तविकता केलाई राहतको कार्यक्रम ल्याउन सहिजो होस भन्नका लागि पुगेको कृषि मन्त्री गजुरेलले वताए । खडेरीका कारण मुगुका १२ वटा गाविस खाद्य संकट गाविसका रुपमा घोषित भईसकेका छन । पत्रकार राजनैतिक दल, कर्मचारी संग खडेरीले उत्पन्न खाद्य संकटका वारेमा छलफल गर्दे आएको जानकारी दिदै मन्त्री गजुरेलले वातावरणीय असन्तुलन वढ्दै जादा प्रत्यक्ष असर कृषि क्षेत्रमा परेको जानकारी दिए ।
खलंगामा क्रान्तिकारी पत्रकार संघ जुम्लाको आयोजनामा सम्पन्न पत्रकार भेटघाट कार्यक्रममा कृषि मन्त्री गजुरेल सवैले कृषि हाम्रो प्रथामिकता भन्दै आएपनि कृषि कहिल्यै पनि प्रथामिकतामा पर्न नसकेको गुनासो गरे । नेपालका राजनैतिक दल पनि कृषि मन्त्रालय आ□नो रोजाईमा पार्न हिचकिचाउने गरेका उनको भनाई छ । कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण वनाउनको लागि २७ वुदे प्रतिवद्धता सार्वजनिक गरेको उनले वताए । कृषि मन्त्री भएपछि किसान आयोग, कृषकलाई पेन्सन देखि किसानको हक अधिकारी सुनिश्चित हुने गरी योजना निर्माण गर्न लागेको जानकारी दिए । कर्णालीमा प्राकृतिक रुपमा धनि भएपनि यहाा उत्पादित साधन श्रोतको सहि सदुपयोग नहुदा आत्मनिर्भर हुन सकेको छैन उनले भने कर्णालीका किसान लगनशिल भएर लागे देशलाई पाल्न सक्ने सामार्थ्य राख्दछन ।
पहिलेका कृषि योजना प्रचारमुखी मात्रै भएकोले परिणाम हात लाग्न नसकेको तर्फ स्मरण गर्दै उनले देशको विकासको लागि कृषि मैत्री र परिणामुखी योजनाको खासो रहेको औल्याए । हिउदे वर्षा नहुदा खडेरीले उत्पादनमा गिरावट आएपछि अव किसानलाई राहन पुग्ने गरि राष्ट्रिय कृषि निती चाडै ल्याउने प्रतिवद्धता जनाए । पानी कम हुदा उत्पादन हुने जातको वाली खोजी गर्न थालेको वताए । जुम्लालाई कृषि उत्पादनको विशिष्ट क्षेत्रका साथै स्याउ पकट क्षेत्रका रुपमा स्थापित गर्ने प्रतिद्बता व्यक्त गरे । जुम्लामा उनले विगत चार वर्ष देखि थन्किएको ग्रडिंग मेसिन उद्धान गर्नुका साथै कृषि अनुसन्धान केन्द्र राजिकोट र चन्दननाथ नगरपालिकाका किसानको स्याउ वगैचाको अवलोकन गरेका छन ।

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : २८ फागुन २०७२**

अवधि : २८ फागुन २०७२ - ४ चैत्र २०७२

**लागि : वाँके जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd,AERD, NARC and Agro-met Section, DHM)

## नेपालगञ्ज एयरपोर्ट, बाँकेको मौसम तथ्यांक

### गत हप्ता २० फागुन २०७२ मा अन्त्य भएको मौसम अवस्था

| मौसमी विवरण | गत हप्ता (१४ फागुन २०७२ देखि २० फागुन २०७२ सम्म |
|---|---|
| कूल बर्षा (मि.मी.) | ०.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | २९.५-३१.७ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | १२.६-१५.८ |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ८४.१-९५.९ |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ३५.८-५१.५ |
| हावाको गति(मि/से)को दायरा | २.२५-५.२५ |
| हावाको दिशाको दायरा | दक्षिण पश्चिम |

### १४ फागुन २०७२ देखि २० फागुन २०७२ सम्मको मौसम विवरण

| विवरण | दिन (4 March 2016-10 Mar 2016) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २१/११/२०७२ | २२/११/२०७२ | २३/११/२०७२ | २४/११/२०७२ | २५/११/२०७२ | २६/११/२०७२ | २७/११/२०७२ |
| बर्षा (मि.मी) | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) | ३३.० | ३२.६ | ३२.६ | ३३.७ | ३३.० | ३२.५ | ३१.५ |
| न्यूनतम तापक्रम | १३.५ | १५.१ | १६.८ | १५.१ | १६.५ | १३.५ | १३.५ |
| अधिकतम सापेक्षित आद्रता | ८५.८ | ९६.० | ९४.४ | ९५.० | ८६.७ | ९१.७ | ८९.८ |
| न्यूनमत सापेक्षित आद्रता | ३३.१ | ४२.३ | ३७.४ | २८.७ | ३१.५ | २८.० | ३६.३ |
| हावाको गति m/s | ४.० | ३.७५ | ३.७५ | ५.२५ | ५.५ | १२.० | ९.० |
| हावाको दिशा | दक्षिण पश्चिम | उत्तर पूर्व | दक्षिण पूर्व | दक्षिणपश्चिम | दक्षिण पूर्व | दक्षिण पश्चिचर्म | दक्षिण - पूर्व |

## कृषि सल्लाह

**क) मौसम विश्लेषण :**

**गत हप्ताको समग्र मौसमी विश्लेषण**

गत हप्ताको मौसम सामान्यतया सफा रह्यो । अधिकतम तापक्रममा तथा न्यूनतम तापक्रम सामान्य बढ्ने क्रम रहेयो । गत हप्ताको अधिकतम तापक्रम ३१.७ देखि ३३ डिग्री सेल्सियसको वीच रह्यो भने न्यूनतम तापक्रम १२.६ देखि १६.५ डिग्री सेल्सियस वीच रह्यो । साताभरी नै वायुको दिशा विहानीपख पूर्वी र मन्ध्यान्ह पछि उत्तर पश्चिम वीच रहेयो भने वायुको गति ७.७२ मि/सेसम्म पुग्यो ।

**आउंदो हप्ताको मौसम अवस्था :**

आगामी हप्ता शुरुमा स्थानीय वायु र पश्चिमी वायुको प्रभावका कारण मौसम सामान्य बदली रहनेछ । पश्चिमी वायुको प्रभावका कारण साताको शुरुवातमा मेघ गर्जन सहित सामान्य बर्षा हुने सम्भावना छ । साताको मध्यपछि आकाश सामान्यतया सफा रहनेछ । आंशिक बदलीको कारण अधिकतम तथा न्यूनतम तापक्रममा केही घटबढ हुने छ ।

ख) बालीनाली :

१. **मकै** : मकै वालीमा फ्टयाङ्ग्राको आर्थिक क्षतिको अनुगमन गर्दा यदि ७-१२ वटा फ्टयाङ्ग्रा प्रति बर्ग मिटर पाइएमा मात्र विषादीको प्रयोग गर्नु उपयुक्त हुन्छ । आर्थिक क्षति हुने अवस्थामा प्राविधिकको सल्लाह अनुसार मालाथियन ५० प्रतिशत ईसी २ एम.एल प्रति लिटरको दरले छर्नु पर्दछ ।

२ गहुं

० गहु बालीबाट राम्रो उत्पादन लिनका लागि दानामा दूध पस्ने अवस्थामा (Milking Stage) मा सिंचाई गर्नु पर्दछ

३. **मुसुरो :**

० मुसुरो बालीमा स्टेम्फैलम डढुवा रोगबाट बचाउन समयमा नै ढुसीनासक विषादी मेन्कोजेव २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा छर्नु उपयुक्त हुन्छ ।

० बोट ओइलाउने रोगको रोकथामको लागि २ ग्राम वेभिष्टिन वा डेरोसाल(कार्वेन्डाजिम) प्रति लिटर पानीमा घोलेर अरहरको बोट भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ ।

४. **अरहर :**

० कोसामा लाग्ने गवारो (पड बोरर) कीरा व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाई बनाएको घोलमा HaNPV (हेली एन.पि.भी) २५० LE को १.५ मिलि हालेर सांझको समयमा स्प्रे गर्नुपर्दछ वा व्याकटेरिया जन्य ( बी.टी) Bt (डाई पेल, बायो लेप) ३ ग्राम प्रति लिटर पानीमा मिसाएर सांझाको समयमा स्प्रे गर्नुपर्दछ। वा क्लोरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इसी ०.४ मिलि प्रति लिटर पानीमा मिसाईबोट भिज्ने गरी स्प्रे गर्नुपर्दछ ।

**५ फलफूल बाली**

० तापक्रम बढ्दै जाने भएकाले कागतीको बोटको डांठमा प्वाल पार्ने गवारो कीरा र पुतलीको लार्भाको प्रकोप बढ्न सक्छ । बगैचा निरिक्षण गरी नियन्त्रणमा उपाय अपनाउनु पर्दछ ।

० फूल फुल्ने समय भएकोले कागती, लिची, आंप खेती गर्नु भएका कृषकहरुले मौरीको भ्रमण प्रोत्साहन गर्न विषादी प्रयोग नगर्नु होला ।

० कागती, आप, लिची, खेती गर्नु भएका कृषकले केराउगेडे फल भएका भए प्लान्टोप्लेकस नाम हर्मोन सिफारिस मात्रामा छरेमा फल झर्ने समस्या कम हुन्छ ।

० गत महिना सुक्ष्म खाद्यतत्व युक्त मल प्रयोग गर्नु भएको छैन भने अव ढिला नगर्नु होस् । सुक्ष्म खाद्य तत्व युक्त एग्रोमिन वा मल्टिप्लेक्स छर्नु होस् ।

**तरकारी बालीहरु :**

० रुख कटहरको फल कुहिने समस्या देखिइरहेमा कपरयुक्त विषादी २ ग्राम प्रति लिटर पानीमा घोली छर्नु पर्दछ । साथैं फलको आकार असमान बृद्धि भई गज्याङ गुजुङ देखिएमा सुक्ष्म खाद्य तत्वयुक्त घोल जस्तै मिराक्लोन वा मल्टिप्लेक्स पातमा छर्नु पर्दछ ।

० भण्टाको डांठ सुक्ने रोगको लागि वेभिष्टिन ५० % डब्लु. पि.को २ ग्राम प्रति लिटर पानीमा घोली पात तथा फल भिज्ने गरी छर्नु पर्दछ ।

० तरकारी बालीको जरा कुहिने रोगको व्यवस्थापन गर्न कार्बोनर्डाजिम ( बेभिष्टिन) ५०% डब्लु. पि को १ ग्राम लिटर पानीमा घोली स्प्रेयरबाट फेद भिज्ने गरी छर्नु पर्दछ ।

० फल दिने गोलभेडा र भेंडे खुर्सानीलाई अरु बाली भन्दा अलि बढि खाद्यतत्वको आवश्यकता हुने भएकोले पहिलो बाली टिपिएको हरेक १५-२० दिनको फरकमा युरि मल १० ग्राम प्रति बोटको दरले टपड्रेस गर्नु पर्दछ । यस्तै गरी सुक्ष्म खाद्य तत्व जस्तै मल्टिप्लेक्स/ट्रिप्लेक्स एग्रोमिनलाई २ एमएल प्रति लिटर पानीमा घोलेर बोटमा स्प्रे गर्नु पर्दछ ।

**फल कुहाउने औसा**

० कांक्रो, फर्सी समूहको लहरे बालीमा फल कुहाउने औंसबाट बच्नको लागि क्यु ल्युर युक्त बोटल ट्राप प्रति हेक्टर ८ ओटाको दरले राख्नु पर्दछ । साथै प्रत्येक २ हप्तामा नयां क्यु ल्युर युक्त बोटल परिवर्तन गर्नु पर्दछ ।

० मालाथिन ५० इ.सी, २ एमएल प्रति लिटर र २ ग्राम चिनी (भेली) पानीमा मिसाएर प्रति हेक्टर २०-२५ ठाउंमा फूल फुल्नु अगाडि देखि १-१ महिनाको अन्तरमा छर्ने ।

**शीत भण्डारमा आलु भण्डारण गर्दा ध्यान दिनुपर्ने कुराहरु**

आलु खनिसकेपछि चोटपटक नलागेका, नकुहिएका, स्वस्थ र बेदाग दाना छानी केही दिन छायामा सुकाई टांसिएको माछो झारेर साइज अनुसार ग्रडिङ गरी अलग अलग जुटको बोरामा राख्नु पर्दछ । आलुको जात , साइज उत्पादन गर्ने संस्था वा व्यक्तिको नाम, तौल आदि जानकारीहरु रिवनमा मार्करले लखेर बोराको भित्र र बाहिर राखी शीत भण्डारण राख्नु पर्दछ । आलुलाई शीत भण्डारमा गर्मी वा तातो अवस्थाबाट सिंघै शीत भण्डारमा लैजादा आलु विगैन सक्ने हुनाले केही समय शीतल ठाउंमा राखेर शति भण्डारमा लैजानु पर्दछ ।

**अन्य** : ० सापेक्षिक आर्द्रता घटबढ भईरहने हुनाले घरमा भण्डारण गरिएको खाद्यान्न तथा बीउलाई रोग तथा कीराबाट बचाउन समय समयमा हेरचा गर्नु उपयुक्त हुन्छ ।

० खेतबारीमा देखिने सवै कीराहरु हानिकारक हुंदैनन् । तसर्थ कीरा देखिने वित्तिकै विषादीको प्रयोग नगरौं । मित्रजीव कीराहरु जस्तै माकुरा, गाईने कीरा, सात थोप्ले, खपटे कीरा, बारुला, नमस्ने कीरा( प्रेइङ्ग मेन्टीड) देखिएमा तिनीहरुको संरक्षण र सम्वर्द्धन गरौं ।

० मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नु पर्दछ।

कम्पोष्ट मल बनाउने तरिका

माटोको उत्पादकत्व जोगाउन प्रांगारिक पदार्थको महत्वपूर्ण भूमिका हुन्छ । गाईबस्तुको मलले नपुगेमा वरिपरि पाइने झारपात, स्याउला आदि कुहाएर कम्पोष्ट मल बनाउन सकिन्छ । १ मिटर गहिरो, २ मिटर चाक्लो खाडल खनी झारपात, स्याउला र कोसेवालीहरुको झ्याग विभिन्न तहमा खाडलमा जम्म गर्नु पर्दछ । छिटो र राम्रोसंग कुहियोस् भनेर खाडलको शुरुमा र प्रत्येक तहको वीच वीचमा जंगलको माटो गोवर मल आदि कुराहरु जोरनको रुपमा राख्नु पर्दछ । खाडल भरिएपछिमाथिबाट हिलोमाटो वा खरानीले टाली स्याउला वा प्लाष्टिकले छोप्नु पर्दछ । कुहिनको लागि चिस्यान चाहिने हुनाले डुबान नहुने गरी राम्रोसंग कुहिने बेलासम्म गाईबस्तुको गहुंत र घरमा नै खेर गएको पानी खाडलमा जाने व्यवस्था मिलाउनु पर्दछ । मिश्रणको कुहिने क्षमता र बाहिरको तापक्रम अनुसार ३० देखि ५० दिनमा मिश्रणलाई फर्काउनु पर्दछ । नजिकै अर्को खाडलखन्दा फर्काउन सजिलो हुन्छ । ठाउं अनुसार ३ देखि ६ महिनामा राम्रोसंग कुहिएको कम्पोष्ट मल तयार हुन्छ । बालीहरुको आवश्यकता अनुसार तयारी कम्पोष्ट मललाई तुरुन्तै प्रयोग गर्न पनि सकिन्छ र पछिको लागि संचय गरेर राख्न पनि सकिन्छ ।

**बाली संरक्षण**

१. **लाही (एफीड)** :

० १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाई रातभरी राखेर लाही लागेको ठाउँमा भिज्ने गरी भोलीपल्ट अनुकूल मौसममा छर्कनु राम्रो हुन्छ ।

० मालाथियन ५० इ.सी., २ मि.लि. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाउमा भिज्ने गरी अनुकूल मैसममा छर्कनु उपयुक्त हुन्छ ।

० नयाँ पालुवामा लाही, लिफ माईनर, सुलसुले लाग्ने भएमा सवई वा एट्सो तेल १५ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नु उपयुक्त हुन्छ ।

**पशुपालन :**

० फाग्गुण चैत्र महिनामा अधिकांश बाख्रा व्याउने भएकोले पाठा पाठी अड्किने समस्या भएमा यथाशिघ्र स्थानीय प्राविधिकको सहयोग लिनु होला । बाख्रापालक कृषकहरुले भर्खर व्याएका तथा १ महिनासम्मका पाठापठी भएका माउहरुलाई सन्तुलित दाना तथा स्वचछ पानीको व्यवस्थापनमा ध्यान दिनुहोला ।

० बाख्रालाई पखाला लागेका बत्तिसा वा अन्य आयुर्वेदिक पाचन सहयागी औषधी खुवाउन सकिन्छ । समस्या अधिक भएमा बड्कौला जांच गरी स्थानीय प्राविधिकको सिफारिसमा औषधी खुवाउनु पर्दछ ।

० पि.पि. आर रोग लाग्न नदिन ३ महिनाभन्दा माथिका भेडा बाख्रामा सो रोग विरुद्धको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ ।

० खोरेत लागेका पशुहरुको मुख तथा खुट्टाको घाउ फिटकिरी पानी तथा निलोतुथोको घोल अथवा बेटाडिनले नियमित सफा गर्नु पर्दछ । घाउ तथा संक्रमण अधिक भएमा प्राविधिकको सल्लाहमा एन्टिवायोटिक औषधीहरु खुवाउनुपर्दछ । साथै खोरे रोग लाग्न नदिन पशु सेवा कार्यालयको समन्वयमा सो रोगको भ्याक्सिन ६-६ महिनामा लगाउनु उपयुक्त हुन्छ ।

० माछा पोखरीमा घुलित अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (एरेटर) को प्रयोग गर्ने ।

० कुखुरामा विफर रोग लाग्न नदिन ६ देखि ८ हप्ताका कुखुरालाई पखेटाको भित्री भागमा तयार पारेको खोपमा चोवलेर सियोले ३-४ पटक खोप दिनु पर्दछ ।

० कुखुराको सि.आर.डि/ निमोनियाको लागि टाईलोनि टार्टरेट नामक औषधी भेटेरिनरियन/अनुभवी प्राविधिकको सल्लाहमा सफा पानीमा घुलेर ४-५ दिनसम्म खान दिनु पर्दछ ।

० खाने माछा उत्पादनको लागि सुख्खा बनाएर राखेको पोखरीमा चूना ५०० केजी प्रति हेक्टर(१७ केजी प्रति कट्ठा) र गोवर मल ३ टन प्रति हेक्टर १०० केजी प्रति कट्ठा) राखेर पानीले भर्ने र एक हप्तापछि माछाको ठूलो भूराहरु राख्ने ।

**घांसेबाली** : ० जै/बर्सिम घांसमा १.२ केजी युरिया प्रति कट्ठाको दरले टप ड्रेसिङ गरी सिंचाई गर्नु उपयुक्त हुन्छ ।

# अर्गानिक नगर उन्मूख रूपन्देहीको देवदह

बुटवल । कृषिमा रुपन्देही विस्तारै आत्मनिर्भर बन्दै गएको छ । खाद्यान्न विउ उत्पादन र माछामा आत्मनिर्भर बनेको रुपन्देही जिल्ला यहाँको माग पुरा गरी अन्य जिल्लामा पनि आपूर्ति गर्दै आएको छ । गहुँको विउ नेपालमा मात्र नभई भारतमा समेत निर्यात हुदै आएको छ । सोही अनुरुप गौतमबुद्धको मावलीको रुपमा पहिचान बनाएको रुपन्देहीको देवदह नगरले पछिल्लो समयमा कृषि क्षेत्रमा पनि छलाङ्ग मार्दै



गएको छ । केही समयपहिला जिल्ला कृषि विकास कार्यालय रुपन्देहीले अर्गानिक गाउँको रुपमा पकेटक्षेत्र घोषणा गरेको देवदहको सरङ्गवारीबाट सुरु भएको अर्गानिक अभियान अहिले देवदह नगरका विभिन्न स्थानहरुका किसानहरुले सिको गर्दै गएका छन् ।

जिल्लामै नमुना कृषि व्यसायको रुपमा देवदह नगरपालिका-९ सरङ्गवारीमा किसानहरुले अर्गानिक रुपमा तरकारी उत्पादन गर्दै आएका छन् । सोही कुरालाई व्यवसायीक रुपमा अहिले देवदहनगरका बुद्धनगर, कलुवा, प्रगतिबजार, गुरुङ्गटोलका किसानहरुले समेत व्यवसायीक रुपमा नगदेवालीतर्फ तरकारीखेती खेतीलाई अगाडी बढाएका छन् । देवदहमा कृषिजन्य उत्पादनहरु, पशुपालन र दुग्धजन्य उत्पादनमा जिल्लामा नमुना बन्ने योजनामा अगाडि बढेको देवदह उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल प्रसाद ढकाल बताउँछन् । दुग्ध उत्पादनमा देशकै अग्रणी मानिएको रुपन्देहीको देवदहलाई दुग्ध कोशेली स्टेशनका रुपमा विकास गर्नको लागि देवदह नगरपालिका नै लागेको छ । केही समय पहिला सम्पन्न नगरपरिषदबाट नै 'एक नगर एक उत्पादन'मा दुग्धलाई छनोट गरी देशमै नमुनाका रुपमा विकास गर्ने निर्णय गरेको देवदह नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत गणेश घिमिरे बताँउछन् ।

नगरपालिकाले दुग्ध उत्पादनको गुणस्तर र परिमाणको बढोत्तरीसँगै दुग्धजन्य उत्पादनको विविधीकरण गरी देवदहको शित्तलनगरलाई राजमार्ग दुग्ध कोसेली स्टेसनका रुपमा विकास गर्ने लक्ष्य अगाडि सारेको हो । देवदहलाई दुग्ध कोसेली स्टेसनका रुपमा विकास गर्न नगरपालिकाले शित्तलनगरस्थित राजमार्गमै रहेको वडा कार्यालय परिसरमा निर्माण गर्न लागेको सटरहरुमा दुग्ध उपज बिक्री केन्द्र राखी कोशेली घरको रुपमा विकास गर्ने लक्ष्य लिएको नगरपालिकाका कार्यकारी अधिकृत गणेश घिमिरेले बताए । स्टेसनमा दुग्ध कोशेलीका रुपमा दुध, दही, पनिर, खुवा, आइसक्रिम, कुराउनी, घिउ, चिज, मिठाई, छुर्पी, पेडा, केकजस्ता परिकारहरु राजमार्गमा यात्रा गर्ने देशैभरका यात्रुसमक्ष पुऱ्याउने नगरपालिकाको लक्ष्य रहेको छ । 'राष्ट्रियस्तरमा देवदहलाई दुग्धजन्य परिकार उत्पादनमा प्रसिद्ध बनाउनका लागि शित्तलनगरलाई राजमार्ग दुग्ध कोसेली स्टेसनका रुपमा विकास गर्न योजनाबद्ध ढंगले काम गरिरहेका छौं', कार्यकारी प्रमुख घिमिरेले भने, 'दुग्ध कोशेली घरमा किसान र व्यवसायीलाई प्रोत्साहन गर्न सटरकबल ३० प्रतिशत छुटमा उपलब्ध गराउनेछौं ।'

नगरपालिकाले देवदहमा वर्षको एक पटक दुग्ध महोत्सव गर्न, दुग्ध व्यवसायका क्षेत्रहरु लक्षित गरी शित्तलनगरबाट दुग्ध मार्ग रेखांकन गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न,दुग्ध उत्पादनमा महिला, जनजाति, दलित र सिमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिन दुग्ध उत्पादन शीर्षकमा छुट्टै वजेट विनियोजन गर्ने योजनासमेत बनाएको कार्यकारी अधिकृत घिमिरे बताउँछन् ।

दुग्ध उत्पादन बढाउन नगरपालिकाले नै पशुपालक कृषकलाई



सुलभ व्याजदरमा कर्जा, उन्नत नश्लका पशु, उन्नत घाँसको विउ, दाना, भकारो सुधार तथा गाई गोठ निर्माण, औषधी उपचार, दुधालु पशुपालन तथा दुग्ध भण्डारणलाई व्यवस्थित गर्न निजी र सहकारी क्षेत्रको लगानी आकर्षित गर्न एकीकृत र समन्वयात्मक ढंगले काम गर्ने देवदह नगरले योजना अगाडी बढाएको छ । देवदहमा करिब २५ सय कृषकहरुले १० हजारको संख्यामा गाई भैंसी पालन गरी दैनिक सरदर २५ हजार लिटर दुध उत्पादन गरिरहेका छन् । देवदहमा हाल दुग्ध उत्पादनबाट वार्षिक करिब २० करोड रुपैयाँ आम्दानी हुने गरेको तथ्याङ्क छ । देवदहमा उत्पादित दुधमध्ये आधा परिमाण बुटवलसहित बाहिरी जिल्लाहरु चितवन, काठमाडौं, कास्की लगायतका जिल्लाहरुमा बिक्री हुने गरेको छ ।

देवदह नगरमा ठ्याक्कै यति क्षेत्रफलमा कृषि जन्य खेती गरिन्छ भन्ने एकिन तथ्यांक नभएपनि केही उर्जावान युवा किसानहरुले करिव १ विघा देखि ५ विघा क्षेत्रफलमा टमाटर, आलु, लसुन, बन्दा गोबी लगायतका विभिन्न प्रजातीका तरकारी खेतीगरिरहेका छन् ।

यसरी कृषकहरुले अगाडि बढाएको अर्गानिक नगरको अवधारणामा रुपन्देही कति सफल हुने हो यो विषय बहसको रुपमा अगाडि बढेको छ । गरे के हुन्न भन्ने उखानलाई व्यवहारमा चरितार्थ गर्नका लागि सबैको हातेमालो आवश्यक रहेको छ । जिल्ला कृषि विकास कार्यालयबाट समेत बीउ, मलखादमा अनुदान र आवश्यक प्राविधिक सल्लाह बेला बेलामा पाउने गरेका त्यहाँ किसानहरुले आगामी दिनमा अझ थप प्राविधिक सहयोगको आशा गरेका छन् ।

उनीजस्तै रुपन्देहीको देवदह गाविस -९ का ४४ बर्षिय तुलाराम पाण्डेले एक बर्षमा करिव ३० देखि ४० हजार रुपैया लगानी गरे र करिव २ लाख रुपैया आम्दानी गर्दछन् । खर्च कटाएर करिव १ देखि ढेड लाखसम्मको आम्दानी गर्ने गरेको उनले बताए । पाण्डेले भने-'सधैंभरी अर्काको देशमा के गुलाम बन्ने, आफ्नै देशमा केही गरौ भनेर यो खेतीको सुरुवात गरेको हुँ ।' उनले तरकारीको बजार प्रर्वद्धनको लागि कुनै अभाव नभएको भन्दै भने( 'घरबाट नै व्यवसायीहरुले लैजाने गरेका छन् ।' सरकारी निकायबाट विउ विजनको लागि अनुदान पाएको उनको भनाई रहेको छ । तरकारीमा रोग किरा लाग्ने गरेको कारण अर्गानिक विषादीको अभाव भएको कारण अर्गानिक विषादीको अभावको कारण तरकारीको उत्पादनको लागि कायौ पटक मिहिनेत खेरा गएको उनको दुखेसो छ ।

उता, रुपन्देहीको अर्गानिक तरकारी खेतीको लागि पकेट क्षेत्रका रुपमा रहेको देवदह गाविस ९ को सरङ्गटारीका किसानले ४० हेक्टर क्षेत्रफलमा तरकारी खेती गर्दै आएका छन् । बर्षातको समयमा धान खेती गर्ने किसानहरुले हिउँदको समयमा सबैले तरकारी खेती गर्दै आएका छन् । सरङ्कली कृषि सहकारी संस्था समेत गठन गरि त्यहाका कृषकहरुले रुपन्देहीमै नमुना अर्गानिक खेती गरिरहेका छन् । संस्थाका अध्यक्ष मान बहादुर गाहाले ८४ घर सहकारीमा आवद्ध भएको जानकारी दिए । उनले पकेट एरियामा ५० घरधुरी रहेको र



सबै किसानहरुले अर्गानिक खेती गरेको जानकारी दिए । ५८ जना कृषकहरु सहकारीमा आवद्ध भएको जानकारी दिदै अध्यक्ष मान बहादुर गाहाले भने-'हामीले तरकारी बेच्नको लागि बजार नै जानुपर्दैन, यहिबाट नै किसानहरुले लैजाने गर्दछन् ।'

उक्त स्थानमा बुटवलबाट व्यवसायीहरु गएर किसानको घरघरबाट नै तरकारी उठाउने गरेको छन् । किसानको दैलो दैलोबाट नै तरकारी उठाउने गरेको उनको भनाई रहेको छ । पानीको सुविधा भएकोले कारण त्यहाका किसानहरुले ६४ सालमा कृषि समुह स्थापना गरी ०६५ सालमा वैधानिक रुपमा दर्ता गरी पूर्ण रुपमा अर्गानिक खेती सुरु गरिएको किसानहरु बताउछन् । हिउदको समयमा पानीको मात्रा कमी हुने गरेको कारणले केही समस्या हुने गरेको किसानको गुनासो रहेको छ ।

यसको साथै अर्गानिक विषादीको पनि अभाव रहेको बताए । असुरो, निम, बकाईनो जस्ता अर्गानिक विषादी प्रयोग गर्नको लागि प्रयोग हुने कच्चा पर्दाथको अभाव भएको उनको भनाई रहेको छ । बार्षिक रुपमा किसानहरुले करिव १ करोड १६ लाख रुपैया बराबरको तरकारी विक्री गर्ने गरेका छन् । यो ६ महिनाको अवधिमा मात्र हो । किसानहरुले सिमी, तरुल, विडालु, गोभि, लसुन, प्याज, साग लगायतका सम्पूर्ण तरकारीको खेती गर्ने गरेका छन् ।

जिल्ला कृषि विकास कार्यालय रुपन्देहीका प्रमुख तथा बरिष्ठ कृषि विकास अधिकृत भोजराज सापकोटाले सरङ्गटारीमा ५० हेक्टर करिव ७५ विगाहा क्षेत्रफलमा अर्गानिक तरकारी खेती गरिएको जानकारी दिदै यस स्थानले पहिचान समेत दिएको जानकारी दिए । स्वस्थकर, पूर्ण रुपमा अर्गानिक खेती गरिएको कारण जिल्ला कृषि विकास कार्यालयले साना सिंचाईको कार्यक्रम, विउमा अनुदान, अर्गानिक मल, जैविक विषादीमा अनुदान दिएको जानकारी दिए ।

देवदह क्षेत्रको कृषिका जानकार त्रिलोचन दाहालले अहिले नै सिङ्गो देवदह नगरलाई अर्गानिक नगरको रुपमा विकास गर्न केही कठिनाई रहेको बताउछन् । असंभव भन्ने कुरा केही नभएको भन्दै विस्तारै सबै क्षेत्रका किसानहरु लाग्ने हो भने केही बर्षमा तरकारीमा अर्गानिक तरकारी उत्पादन गर्न सकिने उनको धारणा छ । उनी भन्छन् -सरङ्गटारी अर्गानिक गाउ नै हो, त्यसको प्रमाणीकरण हुन मात्र बाँकी छ ।

– कृष्णा खनाल

## राष्ट्रिय व्यवसायिक पशुपालन तथा दुध उत्पादक कृषक समाज, नेपालको

### केन्द्रिय साधारण सभा सम्वन्धि सुचना

यस राष्ट्रिय व्यवसायिक पशु पालन तथा दुध उत्पादक कृषक समाज, नेपाल व्यवसायिक रुपमा पशुपालन तथा दुध उत्पादन क्षेत्रमा क्रियाशिल रहेका कृषकहरुको हक, हितको रक्षा गर्दै नेपालको पशुपालन तथा दुध उत्पादन व्यवसायलाई आत्मनिर्भर वनाई अन्तराष्ट्रिय मापदण्डमा पुऱ्याउने लक्ष्य सहित स्थापना भएको संस्था हो । यस समाज व्यवसायिक पशुपालन तथा दुध उत्पादनको क्षेत्रमा भएको विविध खाले चुनौतीहरुसँग लड्दै व्यवसायिक कृषकहरुको समस्यालाई हल गर्न राज्यको नीति, निर्माण तहसम्म आफ्ना आवाजहरुलाई बुलन्द पार्दै आइरहेको अवगत गराउँदछौं ।

यसै सन्दर्भमा यस समाजको केन्द्रिय साधारण सभा निम्न स्थान, मिति र समयमा **माननीय पशुपन्क्षी विकास मन्त्री शान्ता मानवी**ज्यूको प्रमुख आतिथ्यतामा हुने भएको हुँदा केन्द्रिय साधारण सभामा उपस्थित हुनका लागि ७५ वटै जिल्लाका व्यवसायिक पशुपालक तथा दुध उत्पादक कृषक, कृषि विज्ञ, वैंक तथा वित्तिय संस्थाका संचालकज्यूहरु लगायत सम्वन्धित सरोकारवाला सवैमा हार्दिक अनुरोध गर्दछौं । पुनश्च : पशुपालन तथा दुध उत्पादन, खाद्यन्न, तरकारी, फलफुल, काष्ठ सवै व्यवसायलाई वहुमुखी मोडलबाट कार्यन्वयन गरी नेपालका कृषकहरुको आगामी केहि वर्षमै चमत्कारिक आर्थिक उन्नती गराउने र नेपाललाई सफल राष्ट्र निर्माण गराउने अभियान यस समाजले थालनी गरीसकेको जानकारी समेत गराइन्छ ।

**तपसील**

स्थान : जिल्ला विकास समितिको सभाहल, भरतपुर-१०, चितवन
मिति : २०७२/१२/१२ गते, शुक्रबार
समय : दिनको ठिक ११:०० वजे
सम्पर्क नं. : ९८५५०५८६६५, ९८५६०२९९६६,

अध्यक्ष
**आनन्द प्रसाद न्यूरे**
९८४५०४३८०५, ९८४९०९०६९५

**गरिवी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सवै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# PM Oli vows country to be made self-reliant in food grain production in two years

Kathmandu,: Prime Minister KP Sharma Oli has said the government was moving ahead with the



campaign of making the country self-reliant in food grains within two years. The Prime Minister said this while addressing the national workshop titled 'Six Decades of Japanese Cooperation in Nepal's Agricultural Development' organised to mark the 42nd establishment day of the Nepal JICA Alumni Association (JAN) here.

He underlined the need of modernising the agriculture sector as more than two-thirds of the country's population is relies on agriculture. Expressing the hope that the agriculture sector would continue to get Japanese assistance, he urged developed countries like Japan to extend support to Nepal with open heart. The PM stated that the incumbent government is different from its predecessors and hence has shown eagerness towards rapid economic growth.

He appreciated the assistance provided by Japan in the aftermath of the April 25 Earthquake, drawing from own experience in reconstruction from a devastating earthquake that hit Japan in 2011. "Although an agriculture-based country, we have not been able to become self-sufficient in food grains. This is disgraceful.

We are moving ahead with the campaign of making the country self-sufficient in food grains within two years," the Prime Minister said. PM Oli stressed on the need of making the maximum use of the available arable land and opined that the Japanese assistance could be significant towards commercialising the agriculture sector. He also emphasised on a balanced economic development approach to be safe from the adverse impact of the climate change in the agriculture sector while at the same time protecting the rights of the people. Japanese ambassador Masashi Ogawa expressed the confidence that this year would be fruitful for Nepal in terms of socio-economic development and transformation.

Chief of JICA Nepal, Satomi Izumi spoke of the need of industrialisation for the development of agriculture in the rural areas. Milan, a publication of JAN was launched and the newly-elected working committee office-holders of JAN, including president Dr Ram Chandra Bhusal, received certificates on the occasion. Chief Secretary Dr. Somlal Subedi and the government officials working in the agriculture sector are scheduled to present working papers on the theme of the workshop in the second session of the programme.


# INVITATION FOR BIDS

## National Dairy Development Board (NDDB)

Harihar Bhawan, Lalitpur, Nepal

Contract Identification No: NDDB/NCB/G/2072/73/4

**Bids Invitation for the Equipments for Milk Chilling Centre Establishment**

Date Of Publication: 6th March 2016

1. The National Dairy Development Board (NDDB) Invites sealed bids or electronic Bids form eligible Bidders for the **Supply, Delivery and Installation of the Equipments for Milk Chilling Centre Establishment under** NCB procedures.
2. Eligible bidders may obtain further information at the office of NDDB, Lalitpur, Tel 977-1-5525400 and Email nddbnepal@mail.com of office.
3. Hardcopy of the bidding document may be purchased from the office Of NDDB, lalitpur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non refundable fee NRs. 3000 on or before 4th April 2016 during office hours. Or Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission form e-GP system http://www.blopatra.gov.np

   **information to deposit the cost of bidding document in Bank :**

   Name of the Band : Nabil Bank Limited, Kupondol, Lalitpur

   Account No. 08-10-01-51185-01(NDDB Operation account)
4. Pre-bid meeting shall be held at NDDB office, lalitpur, at 1:00 PM on 25 March 2016
5. Items are grouped in package. Bids on individueal item are not permitted.
6. Sealed Bid must be submitted to the above office of NDDB, lalitpur, Nepal on or before 12:00 PM, on 5Th Aplil 2016 . Documents received after this deadline shall not be accepted. Alternatively, bidders may submit their bids electronically through e-GP portal https:// www.bolpatra.gov.np within the above deadline for bid submission.
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend 1: 00 PM on 5Th Aplil 2016 at the office of NDDB, lalitpur. Bids must be valid for a period of 90 days counting form the day of bid opening and must be accompanied by bid security, amounting NRs. 2,35,000.00 (Two Lacks Thirty five thousand only) which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day . In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.


# Minister Manabi pledges to grant subsidized loan to livestock farmers

Waling,: Minister for Livestock Development, Shanta Manabí, has said the government would provide soft loans to the farmers adopting commercial livestock.



Minister Manabi said this while inaugurating a daylong workshop on 'Possibility, problem, opportunity and challenge of goat farming' organized by Goat Village Campaign for Youths, Syangja in Waling on lastW ednesday. The Minister shared that necessary preparation is underway to grant soft loan to commercial farmers in an easy and simplified manner. "The government is ready to provide subsidy to livestock farmers", Minister said, adding that the government however will come up with policy to tighten the screw on those operating firms merely for receiving grants.

Stressing that the country should be made self-sufficient on meat, egg and milk, the Minister noted the importance of adopting improved and modern style in livestock business. The workshop attended by around 400 livestock farmers of 44 districts has released a 15-point Syangja Declaration. The Declaration was handed over to the Minister on the occasion

# Koirala bats for agricultural revolution

Kathmandu : Newly elected General Secretary of the Nepali Congress, Dr Sashank Koirala, has said only agricultural revolution could boost Nepal's economic development.



At the first convention of the party-affiliated Nepal Livestock Service Technicians' Association in the capital city Friday, General Secretary Koirala said NC has prioritized commercial agriculture for raising the livelihood of the Nepali people."NC has prioritized agriculture since the government of BP Koirala," he said, informing that BP's government then had allocated 27 percent of budget to the agriculture.On a different note, he argued that he would dismantle the 40-60 division in the party. The General Secretary added that NC would devote to implement the constitution achieved after long struggles and sacrifice of the Nepali people.



चीनको एक चिया बगानमा चिया पत्ति टिप्दै चिनिया किसानहरु

# चितवनमा नमूना वन्दै ताज पशु विकास फार्म

चितवन । पुर्वी चितवन रत्नगनर नगरपालिका-३ हाजिपुरका ऋषभराज थपलियासाग २०६७ कार्तिक सम्म के गर्ने भन्ने कुनै योजना थिएन । त्यसको एक महिना पछि गाउले साथी कृष्ण अधिकारीले व्यवसायिक पशुपालनको योजना ऋषभराजलाई सुनाए । कृष्णको योजना सुनेपछि उनीहरु मिलेर व्यवसायिक रुपमा गाईपालन गर्ने योजना वन्यो । कृष्ण र ऋषभ मिलेर अरु दुई जना मनमिल्ने साथीको खोजी भयो । अरु दुई जना साथी पनि भेटिए । त्यसपछि व्यवसायिक गाईपालन गरि दुध उत्पादन गर्ने ४ जनाको एउटा समूह वन्यो । चार जना मिलेर उनीहरुले करिव ५० लाखको लगानीमा ताज पशु विकास फार्म प्रा.लि. दर्ता गरे । व्यवसाय त सुरु भयो तर सोचे जस्तो सजिलो भएन । दाना, चोकर पनि गुणस्तरहिन, भाउ पनि मनोमानी, व्यवसायमा अनुभवको कमिले गर्दा तत्कालै फाइदा भएन । लागानी थप्दै जानु पर्ने स्थिति भएपछि अन्य ३ जना साथीले लगानी फिर्ता लगे । सट्टामा ऋषभराजले एक्लै फार्म चलाए । उनले फार्ममा २ करोड आफुनो र एक रकरोड वैंक ऋण गरि ३ करोड लगानी गरिसकेको वताए । दुध उत्पादन सुरु गर्नासाथ जग्गा वढाउनु पर्ने, उपकरण किन्नुपर्ने, भएकोले लगानी वढाउनु पर्ने भयो । उनले भने "त्यसपछि साथीहरुले हात झिके । त्यसमा म एक्लै काध थाप्नेमा परे ।" जुन फार्म अहिले चितवन कै नमूना फार्ममा पर्छ ।





फार्ममा २ सय गाई पालेर दूध उत्पादनसागै जैविकमल उत्पादन, वायोग्यास प्लान्ट, डेरी, दुधका विभिन्न परिकार र गाई श्रोत केन्द्र वनाउने उद्देश्यले संचालन गरिएको थियो । जसमा हाल फार्ममा ९५ वटा गाई छन् । त्यसमध्ये ६५ वटा माउ गाई छन् । ती गाईहरु जर्सी र होलस्टेन वर्गका हुन । लगानी र आम्दानीको हिसावले भैसीभन्दा गाई पालन गर्न सहज हुने भएकोले गाईमात्र पालिएको ऋषभराज वताउँछन । फार्ममा पालेको एउटा गाईले सरदर ३० लिटरसम्म दुध दिन्छ । दैनिक झण्डै ३ सय लिटर दुध उत्पादन हुन्छ । दुध दुहनका लागि मिल्किङ्ग मेसिनको प्रयोग गर्ने गरिएको छ । मेसिनद्धारा गाई दुहादा सफाई, समय र जनशक्ति सबैमा फाइदा हुने ऋषभराजले वताए ।

मेसिनबाट दुध दुहनका लागि थुनमा लगेर मेसिन जडान गर्ने गरिन्छ । त्यसरी दुहिएको दुध पाइपबाट सिधै क्यानमा जान्छ । क्यानमा जम्मा भएको दुधलाई नजिकै रहेको दुध विकास संस्थानको चिलिङ्ग सेन्टरमा लगेर विक्री गर्ने गरिएको छ । दुध विक्रीबाट मात्रै मासिक करिव ४ लाख रुपैया आम्दानी हुन्छ भने मलमुत्रबाट थप मासिक ५० हजार रुपैया आम्दानी गर्ने गरेको ऋषभ वताउाछन । फार्ममा हाल आफू सहित १३ जनाले रोजगारी पाएका छन् । उनीहरुले पुरै समय गाईको रेखदेख गर्छन । फार्मको लागि ऋषभले आफ्नो २ विगाहा सहित वार्षिक ४० हजार प्रति विघा भाडा तिर्ने गरि थप ७ विघाह जग्गामा जै र ब्रर्सिम जातको घास लगाएका छन् । घाँस काट्ने तथा घासलाई मसिनो वनाउने मेसिन छ । उक्त घास र परालालाई काटेर गाईलाई खुवाउने गरेका छन् ।

गाई फार्ममा गाईलाई सफा राख्नको लागि नुहाउने सावर राखिएको छ। भने पानी खुवाउनको लागि अटो ड्रिक्कर समेत राखिएको छ । जसबाट गाईले तिर्खाको वेला आफै पानी खान सक्छ । फार्ममा गोवरबाट कम्पोष्टमल, जैविकमल उत्पादन गर्दै हाजिपुर गाउलाई नै अर्गानिक उत्पादनमा जोड दिन लगाई अर्गानिक गाउा वनाउने उनको योजना छ । जिल्ला आई.पि.एम. कार्य समितिका सदस्य र राष्ट्रिय व्यवसायिक पशुपालन तथा दुध उत्पादक कृषक समाज, नेपालका केन्द्रिय सचिवालय सदस्य रहेका ऋषभ केहि वर्षमा उनले फार्मलाई नश्ल सुधार गर्ने, दुध डेरी सञ्चालन गर्ने, दुधका परिकार वनाउने उद्योग खोल्ने योजनामा रहेको ऋषभराजले वताए ।

व्यवसायिक पशुपालक कृषकहरुको हक र हितको पक्षमा समेत खरो उत्रिएको ऋषभराज अनुत्पादक पशुलाई व्यवस्थापन गर्न गाह्रो भएकोले राज्यले त्यसलाई उचित व्यवस्थापन गर्ने निति, ल्याउनु पर्ने, कृषि कर्जा सुलभ व्याजदरमा पाउनु पर्ने र पशुलाई खुवाउने दाना, चोकरमा भएको गुणस्तरहिनता र मनोमानी अन्त्य भएमात्र व्यवसायिक पशुपालन अझ फस्टाउन सक्ने धारणा राख्छन् ।

-विल वहादुर अधिकारी

# मन्त्री,सचिव लगायत दातृनिकायको ड्रेसमा

काभ्रे । दातृसंस्थाको अनुदानमा चलेको छ भन्दैमा सवै कुरा उनीहरुको प्रयोग गर्ने र आफ्नो अस्तित्व नै नामेट गर्नु कदापी हुँदैन । तर मुलुक हांक्ने मन्त्री, प्रशासन हांक्ने सचिवसम्मले विदेशी दातृनिकायहरुले जसो जसो भन्यो त्यस्सै त्यसै गरिदियो भने के होला ? अनि हाम्रो अस्तित्व र हैसियत कहां पुग्ला यो पनि चिन्ताको विषय रहेको छ। कुरा हो कृषि विकास मन्त्री हरिबोल प्रसास गजुरेल, कृषि सचिव उत्तमकुमार भट्टराई, सहसचिव डा. सुरोज पोखेल लगायतको हो ।

शनिवार काभ्रेपलाञ्चोकको कुशादेवीको सयपत्री सामुदायिक केन्द्रको अवलोकन गर्न नेपाली सेनाको हेलिकप्टर प्रयोग गरी पुगेका थिएर उनैको स्वागतका लागि एफएओको लोगो धारी पोशाक मन्त्री देखि मन्त्रालयका उच्च अधिकारीहरुसम्मले लगाएका देखिन्थे ।

कृषि मन्त्रीदेखि सचिव उप सचिव एवं उच्च अधिकारीहरुले एफएओको टोपी ज्याकेट लगाउनु भन्दा नेपाली ढाका टोपी लगाएर सो कार्यक्रममा गएको भए के विग्रन्थ्यो होला र ? अनि उनै जोसे ग्राजियानोडालाई पनि खादासगै ढाका टोपी लगाएर स्वागत गरिदिएको भए के विग्रन्थ्यो होला ?



ग्राजियानोडा सिल्भाले सो आएपिएम स्रोत केन्द्र पुगेका कृषि मन्त्रीदेखि सहसचिवसम्मले विदेशी दातृ निकायले उपलब्ध गराएको पोशाकमा सजिएर पुगेका थिए । उनीहरु सो पोशाकमा बस्नुको कारण भने नेपाली पोशाक नभएर पनि होइन । केवल मन्त्रालयको अन्न दाताको रुपमा लामो समयदेखि नेपालमा काम गर्दै आईरहेको राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) का महानिर्देशकको भ्रमण भएकाले उच्च अधिकारीहरुले सो पोशाक अर्थात ड्रेस धारण गरेका हुन् रे ?राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) का महानिर्देशक जोसे ग्राजियानोडा सिल्भाले सो दातृ निकायको आर्थिक तथा प्राविधिक सहयोगमा स्थापना गरिएको श्रोत संस्थाको उदेश्य देशलाई कृषिमा प्राविधिक सहयोग पुऱ्याउने भएको जानकारी समेत दिएका थिएर साथै उनले अन्तर्राष्ट्रिय आलु केन्द्रमा उत्पादन भएको आलु नेपालमा पनि प्रचलनमा रहेको पनि बताए । ग्राजिनायोडाले नेपालका प्रधानमन्त्री तथा राष्ट्रपतिसंग समेत भेट गर्ने कार्यक्रम रहेको बताएको छ ।

कुशादेवीमा स्थापना गरिएको सो श्रोत केन्द्रमा प्रांगारिक विषादी उत्पादन गरी बालीमा खासगरी एकिकृत शत्रुजीव व्यवस्थापन ( आइपिएम) प्रविधि मार्फत खेती गर्न र रासायनिक विषादी प्रयोग न्यूनिकरण गर्ने अभियानमा लागिरहेको बताइएको छ ।

# कृषिमा विकासका लागि सिंचाइका नयां कार्यक्रम

काठमाडौं । सरकारले मुलुकको खेतीयोग्य क्षेत्रमा सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ विभिन्न चार नयाँ कार्यक्रम अगाडि बढाउने भएको छ । कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने लक्ष्यसहित सरकारले 'समृद्ध तराई मधेस सिंचाइ विकास कार्यक्रम', 'पहाडी तथा उच्च पहाडी टार सिचाइ कार्यक्रम', 'राजकुलो संरक्षण तथा व्यवस्थापन कार्यक्रम' र 'दाङ उपत्यका सिंचाइ कार्यक्रम' सञ्चालन गर्ने भएको हो । मध्यतराई लामो समयदेखि खडेरीको मारमा परेको भन्दै ती क्षेत्रका आठ जिल्लालाई विशेष केन्द्रमा राखेर समृद्ध तराई मधेस सिचाइ कार्यक्रम अगाडि बढाउन लागिएको सिचाइ मन्त्री उमेशकुमार यादव बताएका छन् । बारा, पर्सा, रौतहट, सप्तरी, सिराहा, महोत्तरी, धनुषा र सर्लाही कृषि उपजको भण्डार मानिएपनि खडेरीका कारण ती जिल्लामा उल्लेख्य उत्पादन हुन सकेको छैन । मनुसनमा आधारित खेतीका कारण किसान मर्कामा परेको र त्यसले विशेष गरी राज्य नै प्रभावित भएको निष्कर्षका साथ योजनाबद्धरुपमा सिचाइ सुविधा उपलब्ध गराउने लक्ष्य मन्त्रालयले राखेको मन्त्री यादवको भनाइ छ । सिचाइका नाममा लामो समयदेखि राज्यले ठूलो धनराशि खर्च गरेपनि स्थानीय तहमा त्यसको कुनै प्रभावकारिता नदेखिएको र कागजमा मात्रै सिचाइ सुविधा प्राप्त भएको देखिएपछि सरकारले सत्य तथ्य छानबिन गर्ने र योजनाबद्ध रुपमा कार्यक्रम अगाडि बढाउन लागिएको उनको भनाइ छ ।






# जहाँ गरिवी छ त्यही निर्धन उत्थान वैक पुग्छ



## जनार्दन देव पन्त

### प्रमुख कार्यकारी अधिकृत
### निर्धन उत्थान बैंक

**० निर्धन उत्थान वैकले धेरै कर्जा कृषिमा लगानी गरेको छ भन्छन् नि ?**

हो हामीले जम्मा ऋृण प्रवाह मध्ये ६३ प्रतिशत कृषिमा प्रवाह गरेका छौं। नेपालाम ६५ प्रतिशत भन्दा बढी जनशक्ति कृषिमा भर परेको छ। अहिलेसम्मको परिणाम हेर्ने हो भने सवैभन्दा बढी महिलाहरुको संख्या कृषिमा देखिन्छ। महिलाहरुले आयबृद्धि गराउन उहांहरुसंग भएको सवैभन्दा सजिलो सीप भनेको नै कृषि हो। थोरै लगानी गरेर व्यवसाय गर्न सकिने पनि कृषि नै हो। महिलाहरुको रुचि पनि त्यसमा नै देख्यौं र हामीले अन्य क्षेत्रमा भन्दा कृषि क्षेत्रमा बढी ऋृण प्रवाह गरेका हौं।

**० नेपाल राष्ट्र वैकले १० प्रतिशत कृषिमा कर्जा अनिवार्य गरेको भएपनि बाणिज्य वैकहरुले लगानी गर्न डराईरहेको अवस्थामा तपाईहरु ६३ प्रतिशत कर्जा प्रवाह गरिरहनु भएको छ त ?**

निर्धन वैकको उदेश्य भनेको गरिवी निवारण हो। नाफा मूलक हैन, काम गर्दै जांदा दिगो बनाउका लागि हामीले थोरै नाफा लिएका छौं। कर्जा भन्दैमा महंगो व्याज पनि लगाउन हुंदैन। हामीले ऋृण प्रवाह गरेका बहुसंख्यक दिदीवहिनीहरु पढेलेखेका छैनन्। गरिवीका कारणले शिक्षाको मौका नपाउनु भएका ती दिदीवहिनी, जहाँ गरिवी छ त्यही निर्धन उत्थान वैक पुग्छौं। नाफा नभएपनि हामी हिमाली क्षेत्रका सवै जिल्लामा हाम्रा शाखा गठन भएका छन्। पहाडी जिल्लामा हामीले आफूलाई उपस्थित गराएका छौं हाम्रो उदेश्य नै ग्रामिण भेगका गरिव महिलाहरुलाई सम्बृद्धि बनाउने हो। त्यसकारण हामीले बढी भन्दा बढी ऋृण वा कर्जा कृषिमा गरेका हौं।

**० अन्य वैकहरुले किन कृषिमा कर्जा प्रवाह नगरेका होलान् ?**

बाणिज्य वैक तथा विकास वैकहरु विशेष गरी नाफा बढी भएको क्षेत्रमा लाग्नु भएको छ। त्यसैले होला सायद कृषिमा बढी कर्जा प्रवाह भएको देखिएको छैन। निर्धन उत्थान वैक स्व. डा. हरिहरदेव पन्तले नेपालमा गरिवी कसरी निवारण हुन सक्छ भनेर माइक्रोफाइनान्सलाई भ्याक्सिन जसरी काम गर्नु पर्दछ भनेर ल्याएको अवधारण भएकाले अन्य वैकहरुले र हाम्रो उदेश्य नै फरक भएका कारण पनि यस्तो भएको हुन सक्छ।

**० मुलुकका ७५ जिल्लामा पुग्नु भएको छ कारण चाहिं के हो ?**

यो वैकिङ्ग पहुंच सवैलाई पुगोस्, जनतासंग भएको पैसालाई राम्रोसंग सदुपयोग गरेर आयबृद्धि गतिविधिमा लगानी होस्। जसका कारणले नेपालका दुर्गम क्षेत्रमा महिलाहरु चुलोमा नै व्यस्त हुनु भएकोले आम्दानीको श्रोत नहुने भएकाले त्यस्ता महिलाहरुलाई लक्षित गरी हामी मुलुकका ७५ जिल्ला १७६ शाखा मार्फत १ लाख ४३ हजार ८ सय ९२ महिलाहरुलाई ऋृण प्रवाह गर्न मुलुकभर पुगको छौ।

**० कृषिमा ऋृण प्रवाह गर्दा प्रविधि विस्तार मा कत्तिको जोड दिनु भएको छ त ?**

कृषि प्रविधि विस्तार गर्नु पर्दछ भनेर नै हामीले साना मेशिन तथा उपकरणहरु हाते ट्रयाक्टर, पम्प सेट, टायल गाडाहरुमा समेत ऋृण प्रवाह गर्दै आईरहेका छौं। जसका कारण किसानले जनशक्ति अभाव वीचमा पनि आफ्नो उत्पादन बृद्धि गर्नका लागि ठूलो मद्दत पुग्दछ। अहिले कृषिकर्ममा लाग्ने जनशक्तिहरु धेरै नै कम छन्। त्यसकारण उत्पादन लागत घटाउनका लागि पनि प्रविधिमा जोड दिनु पर्दछ। प्रविधि प्रयोग गरेर नै उत्पादन लागत घटाउन सकियो भने किसानहरुले बढी लाभ लिन सक्छन्।

**० किसानहरुको ऋृणको माग बढी के मा छ ?**

उहांहरुले माग्ने ऋृण भनेको उत्पादन क्षेत्रमा नै हो। आफूले गरिरहेको माछा पालन होस् वा गाई भैसी पालन बंगुर पालन, तरकारी खेतीमा अझ विस्तार गर्नका लागि ऋृण मागेको देखिन्छ। जुन ऋृणबाट तत्कालै फाइदा दिन सकिन्छ। जसले आयस्तर बृद्धि गर्नका लागि मद्दत समेत पुग्छ। एउटा किसानको आयस्तर बृद्धि भयो भने त्यसले मुलुकको आर्थिक बृद्धिमा सहयोग पुऱ्याउंछ र हामीले पनि गरिवी न्यूनिकरण हुने खालका व्यवसायमा महिलाहरुलाई विना धितो ऋृण उपलब्ध गराईरहेका छौं।

**० नेपालमा ६५ प्रतिशत जनसंख्या कृषि छन् तै पनि हामी आत्मनिर्भर बन्न सकेका छैनौं। उत्पादन बृद्धि गर्नका लागि के गर्नु पर्ला ?**

सवैभन्दा ठूलो कुरा भनेको अवसर हो। हाम्रा लागि महत्वपूर्ण विद्युत नै हो। यातायात यातायातमा पनि केवल कार। किनभने हामीसंग जलश्रोत छ तर हामीसंग सिंचाई पनि छैन विद्युत पनि छैन। हामीले हामीसंग भएका नदी नालाहरुबाट जलविद्युत उत्पादन गर्न सक्छौं। त्यसका लागि हरेक किसानहरुलाई समेत लगानी गर्ने वातावरण राज्य बनाउनु पर्दछ। जसका कारण ठूला तालहरु निर्माण गर्ने, विद्युत उत्पादन गर्ने, सडकलाई भन्दा केवलकारलाई प्राथमिकता दिने। निर्माण गरिएका जलासयहरुमा माछा उत्पादन गर्ने अनि त्यसलाई बाह्रै महिना सिंचाई सुविधानका लागि प्रयोग गर्न सक्यौं भने धेरै अवसरहरु आउनेछन्। कृषि पर्यटनमा बृद्धि हुने, होटलहरु विस्तार हुनासाथ अवसर बढ्ने छ। अन्य पेशा आकर्षित हुने छन्। अनि कृषिमा ६५ प्रतिशत जनसंख्या होइन ५/१० प्रतिशतलाई आत्मनिर्भर बनाएर उहाँहरुले प्रविधि मार्फत कम लागतमा उत्पादकत्व बृद्धि गर्न सक्नु हुने छ। त्यसकारण जहां बढी फाइदा हुन्छ मानिसहरु त्यही बढी आकर्षित हुने हुनाले सरकारले अविलम्व त्यस्ता योजनालाई कार्यान्वयन गर्नु पर्दछ।

**० तर कृषिमा लगानी गर्न डराउंछन् नि त?**

कृषिमा लगानी गर्न डराउने भन्दा पनि कृषि उत्पादनहरु सुरक्षित राख्ने अवसरहरु छैनन्। कृषि उपज सुरक्षित राख्नका लागि कोल्ड स्टोरेजहरु पर्याप्त छैनन्। दिनको दुई घण्टा विजुली दिएर त्यस्ता कामहरु कसरी सम्भव हुन्छन्। हामीले हाम्रो मुलुक चलाउने प्रमुखहरुलाई कूल ग्राहस्थ उत्पादनको १०प्रतिशत बृद्धि गराउने जिम्मेवारी दिने र त्यो गर्न नसके पद छोड्नु पर्ने वाध्यात्मक व्यवस्था हुनु पर्दछ। चीन र भारतको जनसंख्यालाई हेरेर उनीहरुको माग अनुरुप कृषि उत्पादकत्व बृद्धि गर्ने हो भने कृषिमा लगानी गर्न डराउनु आवश्यक नै छैन्।

**० अन्त्यमा के भन्नु हुन्छ ?**

अहिले उत्पादकत्व बृद्धि नहुनेका प्रमुख कारण भनेको सिचाई नहुनु, समयमा गुणस्तरीय बीउ, मल नपाउनाले हो। त्यसकारण सरकारले सिंचाई, मल बीउ सहज रुपमा उपलब्ध गराउने अवस्था सृजन गर्नु पऱ्यो। त्यसो हो भने कृषिमा उत्पादकत्व बृद्धि हुन्छ र आकर्षण बढ्छ। ● वैकुण्ठ भण्डारी


## भूकम्पले घर छैन !
## धान सुरक्षित गर्न ठाउँ छैन

## तर पनि मलाई केही डर छैन ! किनकी
**अमेरिकी प्रविधिबाट नेपालमै उत्पादित तीन लेयरको PICS मैसँग छ**

**सम्पूर्ण किसानहरुका लागि सुरक्षित र हावा नछिर्ने अन्तर्राष्ट्रिय स्तरको ब्याग**














**NAF Seeds Pvt.Ltd**
Natole, lalitpur
Phone : 5538748 Fax :5534428
Website: www.nafseed.com


हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नंः ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना, कार्यकारी सम्पादक : योगेन्द्र प्रताप शाही सम्पादकः वैकुण्ठ भण्डारी